Initiated by :

Kalpa

*Where we empower...*

भुपेन्द्र बुढा स्मृती

# Campaign C-CAP

**नेपाली महिलाहरुले पाठेघरको मुखमा हुने क्यान्सर बाट भोग्नु परेको दुर्ग पीडालाई मलहम लगाउने सोच, संकल्प स्वरूप भुपेन्द्रा बुढा स्मृती क्यापिएन सी-क्याप** (Campaign-Cervical Cancer Awareness Program ) **कार्यक्रमलाई अगाडी बढाएको छ ।**

## सहकार्य पत्र

### कार्यक्रम स्थल

१.पुथा उत्तरगङ्गा गाउँपालिका, रूकुम पुर्व
२.बडीगाड गाउँपालिका, बाग्लुङ,
३.अन्नपूर्ण गाउँपालिका, म्याग्दी,
४.पचालझरना गाउँपालिका, कालिकोट,
५.पटेर्वा सुगौली गाउँपालिका, पर्सा,
६.सिगास गाउँपालिका, बैतडी
७.गौमुल गाउँपालिका, बाजुरा



दर्ता न. २००३३३
पान.न. ६१०३६०४३६

पत्र संख्या ...............
चलानी न ................

Kalpa
Empower Women Nepal
कल्प इम्पावर वेमेन नेपाल

SHE LEADS ICON

सुनसरी,कोशी प्रदेश नेपाल

मिति २०८१ : साल फागुन ०४ गते,

श्रीमान प्रमुख ज्यू

**विषय : सहकार्य तथा प्रायोजन सम्बन्धमा**

महोदय,

कल्प इम्पावर वेमेन नेपालले राजनीतिमा महिला अन्तर्गत "शी लिड्स आइकन, युवा महिला नेतृत्व शिखर सम्मलेन, राजनीतिमा महिला बिषयमा पुस्तक तथा स्मारिका प्रकाशन र जनप्रतिनिधि संग अन्तक्रिया। महिला स्वास्थ्य अन्तर्गत, क्यापिएन सी-क्याप(**Cervical Cancer Awareness Program),** निःशुल्क स्वास्थ्य शिविर। उद्यमशीलता अन्तर्गत उद्यमी दिदि कार्यक्रम। किशोरी सशक्तिकरण अन्तर्गत उनी सक्छिन (**SHE CAN)**। कार्यक्रमहरु आयोजना गर्दै आईरहेको छ। भर्खरै २०८१ साल पौष १९ गते काठमाडौंमा देशका कार्यकारी ज्यूको उपस्थितिमा शी लिड आइकन जस्ता युगास्मृत उदाहरणीय कार्यक्रम सम्पन्न भएको यहाँलाई अवगतनै छ।

शी लिड्स आइकनको पहिलो संस्करणमा १४० आवेदक मध्ये निर्णायक मण्डलले छनोट गर्नु भएका २७ प्रेरणादायी महिला जनप्रतिनिधिमा समाबेश हुन् सफल हुनु भएको थियो तर विडम्बना विसं २०८१ साल भाद्र २८ गते, एक सडक दुर्घटनामा उहाँ हामीलाई सधैंको लागि छोडेर जानुभयो । तर, उहाँको अधुरो सपना पूरा गर्ने जिम्मेवारी आज हामी सबैको काँधमा छ। नेपाली राजनीतिको एउटा निश्चल आवाज, स्व. भुपेन्द्रा बुढा, जसको सपना र संघर्षले हजारौं जनताको जीवनमा परिवर्तन ल्याउन खोजेको थियो । उहाँको त्यो अटल साहसको मुत्युपरांत सम्मान स्वरुप आम नेपाली महिलाहरुले पाठेघरको मुखमा हुने क्यान्सर बाट भोग्नु परेको दुर्ग पीडालाई मलहम लगाउने सोच , संकल्प संकल्प स्वरूप कल्प इम्पावर वेमेन नेपालले भुपेन्द्रा बुढा स्मृती क्यापिएन सी-क्याप (Campaign – Cervical Cancer Awareness Program ) कार्यक्रमलाई अगाडी बढाएको छ । यो अभियानमा जोडिएर सहकार्य गरी सहयोग गर्न हुन् सविनय अनुरोध गर्दछु।

Pooja

पुजा कोइराला
अध्यक्ष
कल्प इम्पावर वेमेन नेपाल

+977-9812399727
+977-9869800190
www.kalpanepal.org
www.sheleadsicon.org
connectkalpa@gmail.com

**१. कार्यक्रम शिर्षक** : यस कार्यक्रमको शिर्षक " भुपेन्द्रा बुढा स्मृती क्यापिएन सी- क्याप [Campaign C-CAP] " जसलाई अंग्रेजीमा "Bhupendra Buda Memory Campign C-CAP "भनिने छ ।

## २. पृष्ठभूमि:

यो कार्यक्रमको परियोजनाको प्रस्ताव पत्र स्व. भुपेन्द्र वुढाको स्मृतिमा रहदै लेख्नु परेको विडम्बना छ। उहाँको भौतिक शरीर हाम्रो माझ छैन तर वहाका विचार र वहाले देखाउनु भएको रुपान्तरणको मार्ग सदा सर्वदा हाम्रो सामु छ।

**उहाँको मृत्यु :-**

*मृत्यु त त्यस्तो होस्*
*मेरो मलामी देखेर दुनियाले डाहा गरुन् ,*
*सदियौं सम्म रसाई रहुन युगका आखाहरू*
*सारा आमाहरु कोख रित्तिएको*
*बाबुहरुले लौरो भाचिएको*
*सन्ततिहरुले आधार हराएको महसुस गरुन*
*करले होइन , दुखमा छाक छोडून*
*पुरै विश्वले*
*मृत्यु त त्यस्तो होस्*

माथि उल्लेखित पंति लाई सार्थक बनाउदै हामी बाट बिदा हुनु भएका उहाँको जीवन गाथा प्रेरणाको पुञ्ज हो। पृतिसत्तात्मक सोचको अदृश्य नेलकडिमा जकडिएर, रूढिवादी सांस्कृतिक मान्यताका विषाक्त काँडाहरुमा टेक्दै अनि हृदयको अन्तर्यमा निहित ममता र करूणालाई आँधिबेहरीमा दियो जोगाए झै जोगाउदै नेपाली महिलाहरुले बिताउदै आएको जिन्दगी कुनै रण बिजयी पात्रको कथा भन्दा कम हुदैन। त्यसमा पनि सामाजिक व्यवस्थालाई नेतृत्व गर्ने राजनैतिक जस्तो बिहंगम् क्षेत्रमा आइपुगेका र राजनैतिक जिम्मेवारीमा रही आफैले नेतृत्वदायी भुमिका निर्वाह गरी रहनु भएका नेपाली महिलाहरुको जिवनगाथा भन्दा प्रेरणादायी कृती संसारमा अर्को हुन सक्दैन होला।त्यही सामाजिक व्यवस्थालाई नेतृत्व गर्ने राजनैतिक क्षेत्रमा आफ्नो जीवन समर्पित नाम हो स्वर्गीय भुपेंद्रा बुढा। पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पुर्वकी उपाध्यक्ष स्व. भुपेन्द्रा बुढा कल्प इम्पावर वेमेन नेपाल द्वारा आयोजित नेपाली महिला जनप्रतिनिधिहरुको सुकर्मलाई संचार गर्ने अभियान शी लिड्स आइकनको पहिलो संस्करणमा १४० आवेदक मध्ये निर्णायक मण्डलले छनोट गर्नु भएका २७ प्रेरणादायी महिला जनप्रतिनिधिमा समाबेश हुन् सफल हुनु भएको थियो तर विडम्बना विसं २०८१ साल भाद्र २८ गते, एक सडक दुर्घटनामा उहाँ हामीलाई सधैंको लागि छोडेर जानुभयो । तर, उहाँको अधुरो सपना पूरा गर्ने जिम्मेवारी आज हामी सबैको काँधमा छ। नेपाली राजनीतिको एउटा निश्चल आवाज, स्व. भुपेन्द्रा बुढा, जसको सपना र संघर्षले हजारौं जनताको जीवनमा परिवर्तन ल्याउन खोजेको थियो । उहाँको त्यो

KALPA EMPOWER WOMEN NEPAL

अटल साहसको मुत्युपरांत सम्मान स्वरुप आम नेपाली महिलाहरुले पाठेघरको मुखमा हुने क्यान्सर बाट भोग्नु परेको दुर्ग पीडालाई मलहम लगाउने सोच , संकल्प नै यस कार्यक्रमको जननी हो पृष्टभूमि हो ।

## ३. समस्या विश्लेषण

नेपालमा पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) एक गम्भीर स्वास्थ्य समस्या हो, जसले हजारौं महिलाहरूको जीवन प्रभावित गरेको छ। क्यान्सर सम्बन्धी तथ्यकङ्क लागि सबभन्दा विश्वसनीय मानिने ग्लोबल क्यान्सर अब्जर्भेटरीको पछिल्लो विवरण ग्लोबोक्यान २०२० ले नेपालमा उक्त वर्ष क्यान्सरका २०,५०८ नयाँ बिरामी भेटिएको जनाएको छ। तीमध्ये सबभन्दा धेरै फोक्सोको क्यान्सर २,५०५ जनामा अनि दोस्रो स्थानमा पाठेघरको मुखको क्यान्सर २,२४४ जनामा भेटिएको जनाइएको छ। यो क्यान्सर नेपालको विभिन्न भागमा विशेषगरी ग्रामीण क्षेत्रका महिलामा बढी देखिन्छ। यसको प्रमुख कारण भनेको मानव पेपिलोमा भाइरस (HPV) संक्रमण हो, जसले यस रोगको जोखिमलाई बढाउँछ। साथै, अपर्याप्त स्वास्थ्य शिक्षा, स्वच्छता अभाव, र नियमित स्वास्थ्य जाँचको कमीले महिलाहरूलाई यो क्यान्सरको शिकार बनाउँछ। नेपालका धेरै स्थानमा क्यान्सरको प्रारम्भिक लक्षणको पहिचान गर्न नसक्ने अवस्था छ। महिलाहरूलाई महिनावारिका असामान्यताहरू, पेल्विक दुखाइ, योनि बाट दुर्गन्धित पानि बग्ने वा अन्य लक्षणहरूको वेवास्ता गर्दा यो रोग तीव्ररुपमा बढ्दै गएको छ। यस्ता अवस्थामा उपचार ढिलो गर्नाले महिलाको जीवन बचाउन मुस्किल बनाउँछ। साथै, आर्थिक कारणले क्यान्सर उपचारको लागि उपयुक्त अस्पताल जान नसक्ने स्थिति पनि आम समस्या हो ।

समाधानको रूपमा, क्यान्सरको रोकथाम र उपचारका लागि विभिन्न उपायहरू अवलम्बन गर्न आवश्यक छ। पहिलो, HPV खोपको उपलब्धता र यसको जनचेतना बढाउनु आवश्यक छ। दोस्रो, महिलाहरूलाई स्वास्थ्य शिक्षा र क्यान्सरका लक्षणहरूको बारेमा जानकारी दिन स्वास्थ्य अभियानहरू चलाउनु पर्नेछ। तेस्रो, नियमित स्क्रीनिङ जस्तै पाप स्मियर टेस्ट (Pap Smear) जस्ता प्रक्रियाहरूलाई अनिवार्य बनाउनु पर्छ, जसले क्यान्सरको प्रारम्भिक पहिचान गर्न मद्दत पुर्याउँछ। चौथो, खास गरि रुकुम पूर्व जस्ता ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवाहरूको पहुँच बढाउने र उपचारका लागि सहुलियतपूर्ण आर्थिक योजना लागू गर्नाले महिलाहरूलाई समयमै उपचार उपलब्ध गराउन सकिन्छ । यसरी, पाठेघरको मुखको क्यान्सरको नियन्त्रण र उपचारका लागि जागरूकता, स्वास्थ्य सेवामा सुधार र उचित आर्थिक सहयोगको आवश्यकता छ।

यसै कार्यको सामाजिक ढंग बाट गर्न सकिने प्रयास अन्तरगत स्व. भुपेन्द्र बुढाको स्मृतिमा यो कार्यक्रमको आयोजना गर्ने परिकल्पना गरिएको छ ।

## ४. लक्षित वर्ग र क्षेत्रको सामन्य विश्लेषण

यस कार्यक्रमको लक्षित वर्ग पुथा उत्तरगङ्गा गाउँपालिका,रुकुम पुर्व, बडीगाड गाउँपालिका,बाग्लुङ, अन्नपूर्ण गाउँपालिका,म्याग्दी, पचालझरना गाउँपालिका,कालिकोट, पटेर्वा सुगौली गाउँपालिका,पर्सा, सिगास

KALPA EMPOWER WOMEN NEPAL

गाउँपालिका,बैतडी र गौमुल गाउँपालिका,बाजुरा गरि ७ स्थानीय तह भित्रका किशोरी र महिलाहरु जस अन्तर्गतका, युवा , जेष्ठानागारिक , विभिन्न जाति समुहका , क्षेत्र र वर्गका मानिसहरु हुनेछन । जसमा कार्यक्रमले करिब १०,००० मानिसहरुलाई प्रत्यक्ष रुपले समेट्ने छ।

**५. कार्यक्रमको समयावधि :** २०८१ फागुन ०७ गते देखि मिति २०८१ चैत्र १२सम्म ।( सरोकारवाला निकायको छलफल तथा अनुकुलमा संशोधन गर्न सकिने । )

**६. कार्यक्रमको स्थान :** पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पुर्व, बडीगाड गाउँपालिका, बाग्लुङ, अन्नपूर्ण गाउँपालिका, म्याग्दी, पचालझरना गाउँपालिका, कालिकोट, पटेर्वा सुगौली गाउँपालिका, पर्सा, सिगास गाउँपालिका, बैतडी र गौमुल गाउँपालिका, बाजुराका लक्षित स्थान हुनेछन।

**७. कार्यक्रमको आवश्यकता तथा औचित्य :** यस कार्यक्रमको आवश्यकता र औचित्यलाई निम्न अनुसार हेर्न सकिन्छ

- पाठेघरको मुखको क्यान्सर, जसलाई सर्भिकल क्यान्सर पनि भनिन्छ, नेपालको ग्रामीण क्षेत्रका महिलामा एक गम्भीर स्वास्थ्य समस्या हो। स्थानीय तहमा स्व. भुपेन्द्र बुढा को स्मृतिमा सञ्चालन हुने क्यापिएन सी-क्याप नामक यस स्वास्थ्य अभियानले महिलाहरूलाई यस्तो क्यान्सरको बारेमा जागरूक बनाउने, समयमै जाँच गर्ने अवसर उपलब्ध गराउने र जीवनरक्षक उपचार प्रदान गर्ने मार्ग प्रदान गर्दछ ।
- नेपालका धेरै ग्रामीण क्षेत्रमा महिलाहरूलाई स्वास्थ्य सेवामा पहुँचको अभाव छ। यस्तो अवस्थामा, पाठेघरको मुखको क्यान्सरको समयमै पहिचान र उपचार गर्न कठिनाई हुन्छ। क्यापिएन सी-क्यापशिविरले यस समस्याको समाधानका लागि महत्वपूर्ण भूमिका खेल्नेछ। यस शिविरमार्फत महिलाहरूलाई क्यान्सरको प्रारम्भिक लक्षण र रोकथामका उपायहरूको बारेमा जानकारी दिन सकिन्छ, जसले महिलाहरूलाई समयमै जाँच गराउन प्रेरित गर्दछ।
- यस शिविरको एक प्रमुख औचित्य भनेको HPV खोपको उपलब्धता र यसको पहुचको सुनिश्चिता बढाउनु हो। HPV संक्रमणले पाठेघरको मुखको क्यान्सरको मुख्य कारण बनिरहेको छ। C-CAP शिविरले महिलाहरूलाई HPV खोपका बारेमा जानकारी दिन र उनीहरूलाई खोप उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यसबाट महिलाहरू क्यान्सरबाट बच्नको लागि सशक्त हुनेछन् र स्वास्थ्यको स्तरमा सुधार हुनेछ।
- स्व. भुपेन्द्र बुढा का योगदानलाई सम्झदै र उनको स्मृतिमा यो शिविर सञ्चालन गर्नु एक आदर्श कदम हो। यसले स्थानीय महिलाहरूको स्वास्थ्य सुधारमा योगदान पुर्याउने मात्र छैन, यसले समाजमा महिला राजनैतिक कर्मीहरु प्रति सकारात्मक प्रभाव पनि पार्नेछ। यस शिविरको आयोजनाले स्वास्थ्य सेवामा सुधार र महिलाहरूको अधिकारको रक्षा गर्ने कार्यलाई अघि बढाउनेछ।

KALPA EMPOWER WOMEN NEPAL

- अन्तमा, क्यापिएन सी-क्याप स्वास्थ्य शिविरले महिलाहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुर्याउनेछ। क्यान्सरको रोकथाम, सही जाँच र उपचारले महिलाहरूलाई स्वास्थ्य र समृद्ध जीवन बिताउनका लागि उत्प्रेरित गर्नेछ। यो शिविर एक सशक्त कदम हो जसले समुदायमा स्वास्थ्य साक्षरता र समग्र जीवन स्तर सुधार्न ठूलो योगदान पुर्याउनेछ।

**८. कार्यक्रमिक रुपरेखा:-** यस कार्यक्रमको सामन्य रुपरेखा निम्न अनुसार हुनेछ ।

- **सचेतना तथा सशक्तिकरण कार्यशाला (कार्यक्रमको उद्घाटन) (१ दिन )**

स्थानीय प्रमुख, स्वास्थ्य विभागका प्रतिनिधि, कल्प इम्पावर वेमेन नेपाल का पदाधिकारी र सरोकारवालाहरूको उपस्थितिमा स्व. भुपेन्द्र बुढाको सम्मानमा उद्घाटन समारोहको आयोजना गरिनेछ। जसमा स्व. भुपेन्द्र बुढाको जीवनी चर्चा र क्यान्सर रोकथाम र निधानको महत्वका बारेमा सम्बोधन गरिनेछ गठित किशोरी सशक्तिकरण समुहलाई एक दिने कार्यशाला प्रदान गरि छनौट गरि किशोरीहरुको एक किशोरी सशक्तिकरण समुहको गठन गरिने छ ।

- **स्वास्थ्य जाँच र पाप स्मियर परीक्षण (२ दिन )**

महिलाहरूको पाप स्मियर परीक्षण र अन्य स्वास्थ्य जाँचको शुरुआत। स्वास्थ्य विशेषज्ञद्वारा महिलाहरूलाई क्यान्सरका लक्षण र रोकथामका उपायहरूको बारेमा जानकारी दिने, HPV खोपको बारेमा जानकारी दिने ,महिलाहरू र समुदायसँग क्यान्सरबारे संवाद र प्रश्न उत्तर गर्ने ,क्यान्सरविरुद्ध समुदायलाई सशक्त बनाउने विभिन्न प्रचारात्मक कार्य गरिने छ । क्यान्सरको प्रारम्भिक अवस्था भएका महिलाहरूको उपचार प्रकियाको जानकारी दिईनेछ र शिविरका सहभागिहरूसँग प्रतिक्रिया संकलन समेत गरिनेछ ।

- **स्वास्थ्य परीक्षण र उपचारको परिणामहरूको समीक्षा।**

भविष्यमा क्यान्सर रोकथामका लागि योजना बनाउने सन्दर्भमा आयोजक संस्थाबाट तयार पारिएको प्रतिवेदन हस्तान्तरण गरिनेछ ।

**९. कार्यक्रमको लक्ष्य:**

यस कार्यक्रमको लक्ष्य महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको रोकथाम, प्रारम्भिक पहिचान र उपचारका उपायहरूको जानकारी प्रदान गरेर जीवनरक्षात्मक स्वास्थ्य सुधार गर्नु हो।

**१०. कार्यक्रमका उद्देश्यहरु :** यस कार्यक्रमका उद्देश्यहरु निम्न अनुसार हुनेछ ।

- महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको बारेमा व्यापक जागरूकता फैलाएर यस रोगको रोकथाम र समयमै उपचारको महत्त्वलाई जनसमूहमा बुझाउनु।

KALPA EMPOWER WOMEN NEPAL

- HPV खोप र पाप स्मियर जाँच जस्ता आधुनिक रोकथामका उपायहरूको महत्त्व र फाइदाबारे महिलाहरूलाई विस्तृत जानकारी प्रदान गरेर उनीहरूलाई यस्ता उपायहरू अपनाउन प्रोत्साहित गर्नु।
- महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरका प्रारम्भिक लक्षणहरू जस्तै असामान्य रक्तस्राव र पेल्विक दुखाइको पहिचान गर्ने तरिका सिकाएर समयमै स्वास्थ्य जाँच गराउन प्रेरित गर्नु।
- गाउँपालिकाका विभिन्न क्षेत्रमा क्यान्सर उपचारका सुविधाहरूको पहुँचलाई सुधार्दै, महिलाहरूलाई स्थानीय स्तरमा नै उपचार र परामर्श सेवा उपलब्ध गराउने लक्ष्य राख्नु।
- महिलाहरूलाई नियमित स्वास्थ्य परीक्षण र जाँचको अवसर प्रदान गरेर क्यान्सरको प्रारम्भिक अवस्था सँगै अन्य रोगहरूको पनि पहिचान गर्न मद्दत गर्नु।
- क्यान्सरको रोकथाम र स्वास्थ्य जीवनशैलीको महत्त्व बारे महिलाहरूलाई व्यापक स्वास्थ्य शिक्षा प्रदान गर्दै, उनीहरूको साक्षरता र स्वास्थ्यमान्यतामा सुधार ल्याउनु।
- क्यान्सरका बिरामी महिलाहरूलाई उपयुक्त उपचार, परामर्श र मानसिक सहारा प्रदान गर्दै, उनीहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि सशक्त उपायहरूको अवलम्बन गर्नु।
- महिलाहरूको मानसिक र शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नका लागि स्वास्थ्य जीवनशैलीको अभ्यास र मानसिक स्वास्थ्यको महत्त्वबारे गहिरो जानकारी र मार्गदर्शन प्रदान गर्नु।
- स्थानीय समुदायमा क्यान्सरविरुद्धको जागरूकता र समर्थनको सञ्जाल स्थापना गरेर महिलाहरूलाई सशक्त र आत्मनिर्भर बनाउँदै, यस अभियानलाई सफल बनाउन आवश्यक कदमहरू चाल्नु।
- स्व. भुपेन्द्र बुढामा सम्मान प्रकट गर्दै वहाले देखाउनु भएको सम्माज रुपान्तरणको अभियानमा समाजका सबै वर्ग खास गरि महिलाहरुको ऐक्यबद्धता हासिल गर्नु ।

**११. कार्यक्रमका फाईदाहरु :**

स्व. भुपेन्द्र बुढा को स्मृतिमा सञ्चालन गरिने C-CAP नामक स्वास्थ्य शिविरको दीर्घकालिन फाइदा अत्यन्त महत्वपूर्ण हुनेछ। यस शिविरले महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको रोकथाम र निधानको बारेमा जनचेतना र जागरूकता सिर्जना गर्नेछ, जसले भविष्यमा क्यान्सरको संक्रमण दरलाई कम गर्नेछ। महिलाहरूमा नियमित स्वास्थ्य परीक्षण र पाप स्मियर जाँचको महत्वको जानकारी फैलाइए पछि, क्यान्सरको प्रारम्भिक पहिचान र समयमै उपचार सम्भव हुनेछ, जसले मृत्यु दरलाई घटाउनेछ। यस शिविरले स्वास्थ्य शिक्षा र जागरुकतामा सुधार्ने पनि गर्नेछ, जसको प्रभाव दीर्घकालिक रूपमा सम्पूर्ण समुदायमा स्वास्थ्य जीवनशैली र रोगको रोकथाममा देखिनेछ। साथै, क्यान्सरको उपचारको पहुँच विस्तार भएपछि, महिलाहरूको मानसिक र शारीरिक स्वास्थ्यमा सुधार आउनेछ, र यसले समुदायको समग्र स्वास्थ्य स्तरलाई उच्च बनाउनेछ। महिलाहरूको जीवनमा स्थायी परिवर्तन ल्याउन यो शिविर महत्वपूर्ण योगदान पुर्याउनेछ। साथै यस कार्यक्रमको अल्पकालीन फाइदाहरु निम्न अनुसारको हुने अपेक्षा रखिएको छ ।

KALPA EMPOWER WOMEN NEPAL

- महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको रोकथाम र उपचारका बारेमा जागरूकता र शिक्षा फैलिनेछ ।
- HPV खोप र पाप स्मियर जाँचको महत्त्व बारे महिलाहरूलाई जानकारी दिइनेछ, जसले क्यान्सरको जोखिमलाई कम गर्नेछ।
- क्यान्सरका प्रारम्भिक लक्षणहरूको पहिचान गरेर महिलाहरूलाई समयमै उपचारको अवसर प्राप्त हुनेछ।
- गाउँपालिका स्तरमा स्वास्थ्य परीक्षण र जाँचका सुविधाहरूको पहुँच बढाइनेछ, जसले उपचारमा सहयोग पुर्याउनेछ।
- महिलाहरूलाई मानसिक र शारीरिक स्वास्थ्य सुधारका लागि स्वास्थ्य जीवनशैली अपनाउन प्रोत्साहन दिइनेछ।
- क्यान्सरका बिरामी महिलाहरूलाई उपचार र परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- समुदायमा क्यान्सरविरुद्धको जागरूकता र सहयोगको सञ्जाल निर्माण हुनेछ, जसले महिलाहरूलाई सशक्त बनाउनेछ।
- महिलाहरूको स्वास्थ्य साक्षरता र स्वास्थ्य मान्यतामा दीर्घकालिक सुधार ल्याउनेछ।
- यस शिविरले क्यान्सरको मृत्यु दर घटाउने र महिलाहरूको जीवनस्तरमा सुधार गर्ने दीर्घकालिक प्रभाव पार्नेछ।
- स्व. भुपेन्द्र बुढाको जीवन कृतिलाई अमिट र अविस्मरणीय बनाउन मदत पुग्नेछ ।

१२. **कार्यक्रमका सिमा तथा चुनौतीहरु :-** यस कार्यक्रमका सिमा तथा चुनौतिहरु निम्न अनुसार हुने अनुमान गरिएको छ।

- सीमित समयको कारण शिविरमा सबै महिलाहरूसम्म प्रभावकारी पहुँच पुर्याउन कठिनाइ हुन सक्छ।
- दूरदराजका गाउँहरूमा स्वास्थ्य सेवाको पहुँच नहुँदा केही महिलाहरूलाई शिविरमा उपस्थित गर्न समस्या आउन सक्छ।
- महिलाहरूको स्वास्थ्य जाँच र उपचारका लागि पर्याप्त बजेट र सामग्रीको अभाव हुन सक्छ।
- क्यान्सरका लक्षणहरू पहिचान गर्न र रोकथामको उपायहरू प्रभावकारी रूपमा जनसमूहमा फैलाउन चुनौती हुनेछ।
- सामाजिक र सांस्कृतिक कारणहरूले महिलाहरूलाई स्वास्थ्य जाँचमा जान हिचकिचाउन सक्छ।
- स्वास्थ्य सेवा र जागरूकता कार्यक्रमहरूलाई दीर्घकालिक रूपमा कायम राख्नका लागि निरन्तर प्रयासको आवश्यकता हुनेछ।
- महिलाहरूको मानसिकता र धारणामा परिवर्तन ल्याउन चुनौतीपूर्ण हुन सक्छ, विशेष गरी क्यान्सर जस्तो संवेदनशील विषयमा।

KALPA EMPOWER WOMEN NEPAL

- स्थानीय स्तरमा उचित स्वास्थ्य इन्फ्रास्ट्रक्चरको कमीले उपचार र परामर्शको गुणस्तरमा समस्या आउन सक्छ।

१३. **कार्यक्रमको सहकार्य मोडेल:-** यस कार्यक्रमको सहकार्य मोडेल यस प्रकार हुनेछः

**स्थानीय सरकारः पालिकाले कार्यक्रमको योजनाबद्ध कार्यान्वयनमा सहयोग पुर्याउनेछ ।**

- यसै प्रस्तावनामा प्रस्तावित अनुमानित बजेट अनुसारको दायित्व बहन दुवै पक्षबाट हुनेछ। कल्प इम्पावर वेमेन नेपालले दाताहरुको खोजि समेत गर्नेछ।
- कल्प इम्पावर वेमेन नेपाल र स्थानीय तह बीच साझा उद्देश्यका साथ कार्यक्रमको योजना र कार्यान्वयन गरिनेछ।
- कल्प इम्पावर वमेन नेपाल स्वास्थ्य विशेषज्ञहरूको टोली र आवश्यक स्वास्थ्य सामग्रीहरूको व्यवस्थापन गर्नेछ।
- गाउँपालिका स्थानीय महिला समूह र समुदायका नेताहरूलाई समावेश गरेर कार्यक्रमको प्रचार र जागरूकता अभियान सञ्चालन गर्नेछ।
- स्वास्थ्य शिविरका लागि स्थान, स्रोत र आवश्यक जनशक्ति गाउँपालिकाले उपलब्ध गराउनेछ।
- कल्प इम्पावर वेमेन नेपाल शिविरको आयोजनामा प्राविधिक र विशेषज्ञ स्वास्थ्य सेवाहरू प्रदान गर्नेछ।
- गाउँपालिकाले स्थानीय स्तरमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न स्थानीय स्तरमा सूचना प्रवाह गर्नेछ।
- दुर्गम क्षेत्रका महिलाहरूलाई शिविरमा ल्याउनका लागि गाउँपालिकाले यातायात र अन्य सहुलियतहरूको व्यवस्था गर्नेछ।
- कार्यक्रमको दीर्घकालिक प्रभावको मूल्यांकन र अनुगमन प्रक्रिया कल्प इम्पावर वेमेन नेपाल र गाउँपालिकाले संयुक्त रूपमा गर्नेछन् ।

यस सहकार्य मार्फत क्यान्सर रोकथाम र निधानका लागि दीर्घकालिक समाधान र सेवाहरूको स्थायित्व सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

**१४. प्रचार प्रसारको रणनीति :-**

- **सामाजिक अभियान दूत:** अभियानलाई प्रभावकारी बनाउन संस्थाले नायिका एलिजा गौतमलाई सामाजिक अभियान दूतका रूपमा अनुबन्ध गरेको छ।
- **मल्टिमिडिया सामग्री उत्पादन:** अभियानको प्रभाव विस्तार गर्न गाउँको कथालाई देश-विदेशसम्म पुऱ्याउन स्थानीय तहका डकुमेन्ट्री, महिला जनप्रतिनिधिको भिडियो जीवनी तथा डिजिटल प्रोफाइल तयार गरिनेछ।

KALPA EMPOWER WOMEN NEPAL

- **सञ्चार तथा प्रचार कार्यक्रम:** पत्रकार सम्मेलन, च्यारिटी कार्यक्रम तथा अन्य प्रचारात्मक गतिविधिहरू आयोजन गरिनेछ, जसले अभियानलाई थप सशक्त बनाउनेछ।
- **नीतिगत संवाद तथा प्रतिवेदन प्रस्तुतिकरण:** संकलित तथ्यांक तथा अध्ययन प्रतिवेदनलाई विभिन्न संवैधानिक निकाय तथा सरोकारवालाहरूसँग छलफल गरी आवश्यक नीति निर्माणमा योगदान पुऱ्याइनेछ।
- **निःशुल्क स्वास्थ्य सहायता पहल:** स्थानीय तहमा पहिचान गरिएका गम्भीर बिरामीहरूको प्रोफाइल तयार गरी अति विपन्न परिवारहरूको उपचारका लागि आवश्यक स्रोत परिचालन गरिनेछ।
- **प्रेरणादायी कथाहरूको प्रसारण:** पाठेघरको मुखको क्यान्सरबाट संघर्षरत महिलाहरूका प्रेरणादायी कथाहरू संकलन तथा प्रसारण गरिनेछ, जसले जनचेतना अभिवृद्धि गर्नेछ।
- **स्वास्थ्य साक्षरताका पहलहरू:** जनचेतना अभिवृद्धिका लागि प्रभावशाली पोस्टर, भिडियो सामग्री तथा ख्यातिप्राप्त व्यक्तित्वहरूको सहभागितामा डिजिटल प्रचार सामग्री निर्माण तथा प्रसारण गरिनेछ।

**सामुदायिक सहभागिता र स्वामित्व:** स्थानीय नेतृत्व, युवा, स्वयंसेवक तथा महिलाहरूलाई अभियानमा सक्रिय रूपमा संलग्न गराइनेछ र अभियानलाई स्थानीय तहको योजनासँग समायोजन गरी दीर्घकालीन प्रभाव पार्ने गरी कार्यान्वयन गरिनेछ।

## १५. कार्यक्रम प्रतिवेदन प्रणाली :-

यस कार्यक्रमको प्रतिवेदन प्रणाली एक संरचित प्रक्रिया हुनेछ। शिविरको सुरुवात उद्देश्य, लक्ष्य र अपेक्षित परिणामहरू निर्धारण गरिनेछ। प्रत्येक दिनको गतिविधि र सहभागीहरूको डेटा संकलन गरेर दैनिक प्रतिवेदन तयार गरिनेछ । स्वास्थ्य परीक्षण, जाँच र उपचार सेवाको जानकारी र परिणामहरूको रेकर्ड राखिनेछ। शिविरको समापनपछि, विस्तृत प्रतिवेदन तयार गरिनेछ जसमा सहभागीहरूको संख्या, स्वास्थ्य समस्याहरू, उपचारको प्रगति र भविष्यका सुझावहरू समावेश गरिनेछ। यस प्रतिवेदनलाई समीक्षा गर्दै भविष्यका कार्यक्रमहरू सुधार्ने योजना बनाइनेछ। जुन सम्बन्धित नियकलाई हस्तान्तरण गरिने छ।

## १६. कार्यक्रमको संचालन कार्यतालिका :

| क्र स | कार्यक्रम | सुरु हुने मिति | सम्पन्न हुने मिति | उत्तरदायी निकाय |
|---|---|---|---|---|
| १ | **कार्यक्रमको उद्घाटन:-** स्थानीय प्रमुख, स्वास्थ्य विभागका प्रतिनिधि, स्थानिय संग सस्थाहरु , आमा समुह , युवा समुह र स्वास्थ्य स्वयंसेविका आदि संग पत्राचार तथा कार्यक्रम समय , स्थानको तय गर्ने । | | | आयोजक संस्था र स्थानीय तह। |

KALPA EMPOWER WOMEN NEPAL

| | | | | |
|---|---|---|---|---|
| २ | **स्वास्थ्य जाँच र पाप स्मियर परीक्षण :-**<br>• स्थानीय ए .फम. ,संचार माध्यम र आवश्यक संयन्त्रको परिचालन गरि कार्यक्रममा सहभागीताको प्रचार<br>• शिविर हुने स्थानमा सामग्री ढुवानी | | | स्थानीय तह।<br>आयोजक संस्था |
| ३ | **किशोरी सशक्तिकरण समुह गठन :-**[1]<br>• विद्यालयहरुबाट ईच्छुक किशोरीहरुको नामावली माग ।<br>• नामावलीमा भएका किशोरीहरु संग सम्पर्क<br>• समूह गठन | | | आयोजक स्थानीय तह।<br>आयोजक संस्था । |
| ४ | **प्रतिवेदन लेखन तथा हस्तान्तरण :-**<br>• संकलित डाटाको विश्लेषण तथा प्रतिवेदन लेखन<br>• पालिका संग समन्वय गरि प्रतिवेदन हस्तान्तरण कार्यक्रम को निर्धारण र प्रतिवेदन हस्तान्तरण | | | आयोजक संस्था<br>आयोजक संस्था |
| ५ | **समापन तथा गठित समूहको घोषणा :-**<br>• समापन कार्यक्रमको तयारि तथा कार्यक्रम संचालन<br>• गठित किशोरी सशक्तिकरण समूहको परिचय | | | आयोजक संस्था<br>आयोजक संस्था |
| ७ | **मुल्याङ्कन तथा अनुगमन:-**<br>• सहभागिले भर्ने कार्यक्रमको अन्तिम चरणमा सहभागिता पछिको उपलब्धि फारम आदिको मस्यौंद तयार पर्ने ।<br>• विषयविज्ञ , दाता निकाय आदि संग छलफल गरी मस्यौंदलाई अन्तिम रुप दिई फारम तयार पर्ने ।[2] | | | आयोजक संस्था<br>आयोजक संस्था<br>आयोजक संस्था |

KALPA EMPOWER WOMEN NEPAL

[1] समुह गठन कार्यविधि अनुसूची-१ मा छ

[2] अनुगमन समितिले भर्ने अनुगमन फारमको नमुना अनुसूची –६ मा समावेश छ।

| | | | | |
|---|---|---|---|---|
| | • शिविर संचालन सगै यस्तो फारम भर्ने भराउने | | | |

माथि उल्लेखित कार्यतालिकामा दाता निकायको परामर्शमा, कार्यक्रम संचालन गर्दा उत्पन्न हुने परिस्थिति, समय व्यवस्थापन, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिथि र प्रभाव पार्ने तत्वमा आएको परिवर्तनको आधारमा संसोधन गर्न सकिने छ।

KALPA EMPOWER WOMEN NEPAL

### १६. कार्यक्रमको आनुमानित वजेट :-

| क्रस | क्रियाकलाप | ईकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | कार्यक्रम प्रस्ताव, स्रोत व्यवस्थापन सहितको पुर्व खर्च | एकमुस्ट | ७ | २०,०००।०० | १४०,०००।०० |
| २. | यातायात, ढुवानी तथा पारवहन खर्च | १ पटक | ७ | ७५,५००।०० | ५,२८,५००।०० |
| ३. | टाईपिंग तथा प्रिन्टिंग खर्च | संख्या | ११४५ | २०।०० | २२,९००।०० |
| ४. | परामर्श तथा विशेषज्ञ खर्च | एकमुस्ट | ७ | ४०,०००।०० | २,८०,०००।०० |
| ५. | प्रतिवेदन तयार तथा हस्तान्तरण | एकमुस्ट | ७ | ७,५००।०० | ४५,०००।०० |
| ६. | प्रचार सामग्री निर्माण तथा वितरण | संख्या | २०००० | ९।०० | १८०,०००।०० |
| ७. | आपतकालिन औषधिहरु | एकमुस्ट | ७ | ७५,०००।०० | ५,२५,०००।०० |
| ८. | व्यवस्थापन टोलिको बसाई तथा खाना खर्च | एकमुस्ट | ७ | ८०,०००।०० | ५,६०,०००।०० |
| ९. | शिविर संचालनका लागि आवश्यक सामग्री खरिद | संख्या | ७ | २५,५५०।०० | १७८,८५०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० . | व्यवस्थापन टोलि लाई पारिश्रमिक | संख्या | १५ जना | १२,०००।०० | १,८०,०००।०० |
| ११ . | किशोरी सशक्तिकरण समुह आवश्यक स्टेशनरी खर्च तथा खाजा | संख्या | ७ | ३००००।०० | २१०,०००।०० |
| १२ . | उद्धाटन कार्यक्रम खर्च | एकमुस्ट | ७ | ४०,०००।०० | २,८०,०००।०० |
| १३ . | गठित किशोरी सशक्तिकरण समुहलाई सचेतना कार्यक्रम | एकमुस्ट | ७ | ६०,०००।०० | ४,२०,०००।०० |
| १४ . | गठित किशोरी सशक्तिकरण समुहलाई परिचय पत्र तथा प्रमाण पत्र खर्च | संख्या | १८२ | ९०।०० | १६,३८०।०० |
| १५ | मुल्याकन तथा अनुगमन खर्च | संख्या | ७ | ५,०००।०० | ३५,०००।०० |
| १६ . | समापन समारोह तथा समीक्षात्मक कार्यक्रम खर्च | एकमुस्ट | ७ | २१,००० ।०० | १,४७,०००।०० |
| १७ . | संचार तथा प्रमोसन (डिजिटल) | एकमुस्ट | ७ | ४०,०००।०० | २,८०,०००।०० |
| १८ | विविध खर्च | एकमुस्ट | - | - | ५०,०००।०० |
| १९ | डकुमेन्ट्री, भिडियो समूह तथा टेलिभिजन | एकमुस्ट | ७ | २३०,०००।०० | १६,१०,०००।०० |
| २० . | ग्राफिक्स डिजाइनर | एकमुष्ट | ७ | - | ३६,५५१।०० |
| २१ . | डिजिटल प्रोफाइल | एकमुष्ट | ७ | ५०००।०० | ३५०००।०० |
| | **जम्मा** | | | | **५७,६०,१८१।००** |

KALPA EMPOWER WOMEN NEPAL

**१७.स्रोत व्यबस्थापनः**

**१०.१ शिर्षक प्रायोजक (रु.९,००,०००)**

- **कार्यक्रमको नाम**: शिर्षक प्रायोजकको नाममा कार्यक्रमको नाम राखिनेछ।
- **ब्रान्डिङ**: ब्यानरको १५% स्थान शीर्षक प्रायोजकका लागि छुट्याइनेछ।
- **डकुमेन्ट्री** : आइकनका वृत्तचित्रमा शिर्षक प्रायोजकको जानकारीको लागि स्थान प्रदान गरिनेछ।
- **स्टल व्यवस्था**: कार्यक्रम स्थलमा शिर्षक प्रायोजकको स्टल रहनेछ।
- **ब्रान्ड सामाग्री**: शिर्षक प्रायोजकको ब्रान्ड रंग टी-शर्ट, क्याप, र अन्य सामग्रीहरूमा प्रयोग गरिनेछ।
- **मिडिया प्रवर्द्धन**: शिर्षक प्रायोजकको प्रवर्द्धन भिडियो डकुमेन्ट्री, स्टोरी कभर, साक्षरता शृङ्खला, सूचना तथा सञ्चार, र अन्तर्वार्ता मार्फत गरिनेछ।
- **विशिष्ट अतिथिको सम्मान**: उद्घाटन कार्यक्रममा शिर्षक प्रायोजकलाई विशिष्ट अतिथिको रूपमा सम्मान गरिनेछ।
- **आफ्नो ब्रान्ड लक्ष्यहरू**: शिर्षक प्रायोजक कम्पनी/संस्थाको लक्ष्यहरू प्राप्त गर्न, आपसी सहयोग आदानप्रदान गरिनेछ।
- **पुस्तक कभर विज्ञापन**: शिर्षक प्रायोजकको विज्ञापन "शी लिड्स" पुस्तकको कभरमा राखिनेछ।

**१०.२ मुख्य प्रायोजक (रु. ६,००,०००)**

- **ब्रान्डिङ**: ब्यानरको ७% स्थान मुख्य प्रायोजकका लागि छुट्याइनेछ।
- **डोक्युमेन्टरी**: आइकनका वृत्तचित्रमा मुख्य प्रायोजकको जानकारीको लागि स्थान प्रदान गरिनेछ।
- **स्टल व्यवस्था**: कार्यक्रम स्थलमा मुख्य प्रायोजकको स्टल रहनेछ।
- **ब्रान्ड सामाग्री**: मुख्य प्रायोजकको लोगो टी-शर्ट, क्याप, र अन्य सामग्रीहरूमा प्रयोग गरिनेछ।
- **मिडिया प्रवर्द्धन**: मुख्य प्रायोजकको प्रवर्द्धन भिडियो डकुमेन्ट्री, स्टोरी कभर, साक्षरता शृङ्खला, सूचना तथा सञ्चार, र अन्तर्वार्ता मार्फत गरिनेछ।
- **अतिथिको सम्मान**: उद्घाटन कार्यक्रममा मुख्य प्रायोजकलाई अतिथिको रूपमा सम्मान गरिनेछ।
- **पुस्तक विज्ञापन**: मुख्य प्रायोजकको जानकारी तथा विज्ञापन "शी लिड्स" पुस्तकभित्र प्रकाशन गरिनेछ।

**१०.३ पार्टनर प्रायोजक (रु. २,००,०००)**

- **ब्रान्डिङ**: ब्यानरमा पार्टनर प्रायोजकको लोगो राखिनेछ।
- **स्टल व्यवस्था**: कार्यक्रम स्थलमा पार्टनर प्रायोजकको स्टल रहनेछ।

KALPA EMPOWER WOMEN NEPAL

- **डोक्युमेन्टरी**: आइकनका वृत्तचित्रमा पार्टनर प्रायोजकको जानकारी प्रदान गरिनेछ।
- **मिडिया प्रवर्द्धन**: पार्टनर प्रायोजकको प्रवर्द्धन भिडियो डकुमेन्ट्री, स्टोरी कभर, साक्षरता शृङ्खला, सूचना तथा सञ्चार, र अन्तर्वार्ता मार्फत गरिनेछ।
- **अतिथिको सम्मान**: उद्धाटन कार्यक्रममा पार्टनर प्रायोजकलाई अतिथिको रूपमा सम्मान गरिनेछ।
- **पुस्तक विज्ञापन**: पार्टनर प्रायोजकको विज्ञापन "शी लिड्स" पुस्तकभित्र प्रकाशन गरिनेछ।

**१०.४ प्रायोजक (रु. १,००,०००)**

- **ब्रान्डिङ**: ब्यानरमा बजेट प्रायोजकको लोगो राखिनेछ।
- **मिडिया प्रवर्द्धन**: बजेट प्रायोजकको प्रवर्द्धन भिडियो डकुमेन्ट्री, स्टोरी कभर, साक्षरता शृङ्खला, सूचना तथा सञ्चार, र अन्तर्वार्ता मार्फत गरिनेछ।
- **अतिथिको सम्मान**: उद्धाटन कार्यक्रममा प्रायोजकलाई अतिथिको रूपमा सम्मान गरिनेछ।
- **पुस्तक प्रोफाइल**: प्रायोजकको प्रोफाइल "शी लिड्स" पुस्तकभित्र प्रकाशित गरिनेछ।

**१०.५ सहयोगी (रु. २०,०००)**

- **ब्रान्डिङ**: ब्यानरमा सहयोगी प्रायोजकको लोगो राखिनेछ।
- **अतिथिको सम्मान**: उद्धाटन कार्यक्रममा सहयोगी प्रायोजकलाई अतिथिको रूपमा सम्मान गरिनेछ।
- **पुस्तक प्रोफाइल** : सहयोगी प्रायोजकको प्रोफाइल "शी लिड्स" पुस्तकभित्र प्रकाशित गरिनेछ।

**१३.६ स्वैच्छिक सहयोग** :राजनीतिमा महिला स्मारिका खरिद गरेर समेत सहयोग गर्न सक्नु हुनेछ।

- **सम्मान**: स्वैच्छिक सहयोगीलाई सम्मान गरिनेछ।
- **पुस्तकमा उल्लेख**: स्वैच्छिक सहयोगीको बारेमा "शी लिड्स" पुस्तकमा उल्लेख गरिनेछ र प्रकाशित गरिनेछ।

KALPA EMPOWER WOMEN NEPAL







स्थानीय सरकार/
तहमा निर्वाचित
भइ कार्यरत
नेपाली महिला
जनप्रतिनिधिहरुको
सुकर्मलाई
संचार गर्ने अभियान
अन्तर्गत
संचालित शी लिड्स
आइकनको
पहिलो संस्करण २०८१ को
अवार्ड घोषणा समारोह
तथा महिला
जनप्रतिनिधिहरुको
उत्सव
पुष १९ गते, काठमाडौं

स्थानीय उत्पादन अलैंची, टिमुर, मह, घ्यू, आलु, किवी, चिया, अचार र कपडालगायत सामग्री उक्त प्रदर्शनीमा राखिएको थियो । ठाउँ विशेषको उत्पादन सामग्री गर्ने किन्नेहरुको प्रदर्शनीस्थलमा भिड देखिन्थ्यो ।महिला सशक्तीकरण र नेतृत्वलाई प्रेरित गर्दै नेपाली महिला जनप्रतिनिधिहरुको उल्लेखनीय योगदानलाई सम्मान गर्न

**शी लिड्स आइकनले**

प्रदर्शनी र अवार्डको आयोजना गरेको हो ।अवार्ड कार्यक्रममा स्थानीय तहमा उत्पादित सामग्रीहरुको प्रदर्शनी, सूचना केन्द्र र स्टल राखिएको थियो ।





४१ वटा स्थानीय तहका स्टल तथा सुचना केन्द्र, जहाँ स्थानीय तहका उत्पादन
७९ स्थानीय तह सहयोगी निकायका रुपमा
२७ प्रेरणादायी महिला जनप्रतिनिधि
३०० भन्दा बढी प्रत्यक्षदर्शी र प्राइम टाइम्स एचडी लगायतबाट प्रत्यक्ष प्रसारण



सी लिड्स आइकन अवार्ड समारोह
LIVE
prime
13:39
Prime Times HD was live.
SHE LEADS ICONE 2081
SHE LEADS ICONE 2081
Like
Comment
Share
Comments
Hide
Most relevant
Keshab Khadka
Kalpana Magar
Badhaix sabai Jana lai
Comment as She Leads Icon




K P Sharma Oli
See more
Like
Comment
Share
Comments
See all
Comment as She Leads Icon

Kalpa
SHE LEADS
ICON
Supported by:
WOW
She Leads Icon
Published by Dan Veer
December 26, 2024 at 9:07 AM
See more
View more video insights
Like
Comment
Share
Comments
See all



Himalaya TV
Like
Comment
Share
Comments
See all




काठमाडौं
नागरिक
आजको पत्रिका
नागरिक
अहिले चर्चामा
#ग्राहक विशेष
GAADI
BUMPER PRIZE
Win a "NAMMI 01 E3" as the Bumper Prize
and also win Samsung Products
Weekly on WorldLink's payment through Khalti.
WORLDLINK
For New & Renew customers
समाज
'शी लिड्स आइकन' अवार्ड प्रदान गरिंदै




nepalpress
NepalPress
Like
Comment
Share
Comments
See all




Rato Pati
शी लिड्स आइकन अवार्ड समारोहमा प्रधानमन्त्री ओली || Live ||
Like
Comment
Share
Comments
See all


SHE LEADS
ICON


SHE LEADS
ICON






















उत्सव






SHE LEADS
ICON
















स्थानीय तहका
स्टल तथा सुचना केन्द्र,
जहाँ
स्थानीय तहका उत्पादन
















जिल्ला अस्पताल भोजपुर
DISTRICT HOSPITAL BHOJPUR


















KALPA


CAMPAIGN C-CAP


Kalpa Empower Women Nepal
MANORAMA
KOIRALA
CAMPAIGN C-CAP


Kalpa
YOUNG WOMEN
LEADERSHIP SUMMIT
DEBATE, DISCUSS, DELIBERATE
November 23, 24 & 25
वा महिला नेतृत्व शिखर सम्मेलन
GRA DAY




विराटनगर महानगरपालिका


Kalpa
YOUNG WOMEN
LEADERSHIP SUMMIT
November 23, 24 & 25
युवा महिला नेतृत्व शिखर सम्मेलन








YOUNG WOMEN
LEADERSHIP SUMMIT
November 23, 24 & 25
महिला नेतृत्व शिखर




महिला नेतृत्व शिखर सम्मेलन




एकम्बा स्वास्थ्य चौकी इटहरी-१६, सुनसरीमा
तपाईहरुलाई हार्दिक स्वागत छ ।